कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ३२ (संयुक्तांक २८६) ने. सं. ११३७ चिल्लाथ्व एकादशि बुधवाः २०७३ फागुण २५ गते बुधवार (Mar 08, 2017) मूल्य रु.१०/- पृष्ठ १४

वार्षिक Calendar छपाई
विशेष छुटका साथ

Calendar छाप्दा Visiting Card

★ शर्तहरू लागु हुनेछ ।

सितैमा




treemedianp@gmail.com
www.facebook.com/treemediapvtltd

सम्पूर्ण काम एउटै रूखमुनि

ट्रि मेडिया प्रा. लि.

TREE MEDIA PVT. LTD.

कीर्तिपुर, काठमाडौं

फोन नं.: ०१-४३३४४७४, ९८५१२१०४५३, ९८५१०११२४

# नेपालमा वृद्ध जनसङ्ख्याको स्थिति

नेपालको कुल जनसङ्ख्या वृद्धिदर भन्दा ६० वर्ष माथिका मानिसहरुको जनसङ्ख्या वृद्धिदर तीव्र गतिमा वृद्धि हुँदै जानाले देशको सामाजिक, जनसांख्यिक तथा आर्थिक संरचनामा भविष्यमा दुरगामी असर पर्ने निःसन्देह नै देखिन्छ। नेपालमा बुढ्यौली जनसंख्याको स्थितिको महत्वपूर्ण सूचकको रुपमा वृद्ध जनसंख्याको आकार र वृद्धिको प्रवृत्तिलाई लिन सकिन्छ



**नारायण महर्जन**
शहिद स्मारक कलेजको
लेक्चरर

### १. परिचय:

सामान्य अर्थमा वृद्ध जनसङ्ख्या भन्नाले वृद्धहरुको सङ्ख्या हो । वृद्ध जनसङ्ख्याको अध्ययन विश्वको सन्दर्भमा मात्र हैन वर्तमान समयमा नेपालका लागि पनि एक महत्वपूर्ण अध्ययनको विषय बन्न पुगेको छ । नेपालमा ६० वर्ष वा सो भन्दा माथिका तथा विकसित मुलुक अमेरिका र यूरोपमा ६५ वर्ष वा सो भन्दा माथिका जनसङ्ख्यालाई वृद्ध जनसङ्ख्याको रुपमा लिने गरिन्छ । दक्षिण एशियाली देश मालदिभ्स्ले ६५ वर्ष, भारत र पाकिस्तानले ६० वर्ष, वङ्गलादेश र भूटानले ५८ वर्ष र श्रीलंकाले ५५ वर्ष वा सो भन्दा माथिका उमेरलाई वृद्ध जनसङ्ख्यामा राखेको छ । विश्वमा सन १९५० मा २०२ लाखबृद्ध जनसङ्ख्या थियो भने सन् २०१३ मा ४ गुणा भन्दा बढीले बृद्धि भइ ८४१ लाख पुगेको तथ्य छ (U N, 2013:9) । वि. सं. २०६८ को नेपालको राष्ट्रिय जनगणना अनुसार २,६४,९४,५०४ कुल जनसङ्ख्यामा २१,५४,४१० जना वृद्ध जनसङ्ख्या रहेको स्थिति छ । विगतका राष्ट्रिय जनगणना नियाल्दा वृद्ध जनसङ्ख्या क्रमिक रुपमा बृद्धि भइरहेको तथ्य लुकाएर लुक्ने अवस्था छैन । वृद्ध जनसङ्ख्यालाई आश्रित जनसङ्ख्याका रुपमा लिने भएकाले यो सङ्ख्या बृद्धिले देशको विभिन्न क्षेत्रमा नकारात्मक असर पर्ने भएकोले वृद्ध जनसङ्ख्याको स्थिति वारे जनगणनाबाट उपलब्ध नयाँ तथ्याङ्कको प्रयोग गरी अध्ययन गरिएको छ ।

### २. वृद्ध अवस्था:

मानिसको जीवन यात्राको क्रममा विभिन्न अवस्था पार गर्दै अन्त्यमा वृद्ध अवस्थामा पुग्छ । जस्तैः भ्रुण, नवजात शिशु, नवजात पछिको शिशु, शिशु, वाल, युवा, वयस्क, प्रौढ र वृद्ध अवस्था । यो निरन्तर चलिरहने प्राकृतिक नियम हो भन्दा अत्युक्ति हुँदैन । यस प्रक्रियालाई कुनै पनि मानिसले चाहेर वा नचाहेर रोक्न सकिन्न । बुढ्यौली व्यक्तिगत स्वास्थ्य, लिङ्ग, पेसा र सामाजिक आर्थिक स्तरमा भर पर्दछ । वंशाणुगत गुण, सामाजिक अवस्था र विभिन्न उमेरमा लागेको रोगले पनि बुढ्यौलीलाई प्रभाव पार्दछ । मानिसलाई बढी परिश्रम, रोग, आलस्य, मानसिक तनाव आदिले चाँडै बृद्ध अवस्थामा पुऱ्याउँछ । बुढ्यौली एउटा प्रक्रिया हो भने वृद्ध अवस्था एउटा घटना हो ।

६० वर्ष भन्दा माथिको जनसङ्ख्यालाई वृद्धावस्था, बुढ्यौली, उमेरिनु, ज्येष्ठ नागरिक, बुढाबुढी वा वृद्धवृद्धा आदि पर्यायवाची नामबाट सम्बोधन गरिन्छ । व्रिटिस अङ्ग्रेजीमा ageing र अमेरिकन अङ्ग्रेजीमा aging लेखिन्छ । कुनै पनि मानिस दिनदिनै आफ्नो मुहार ऐनामा हेर्ने क्रममा आँखाको कुनामा छाला मुजा पर्न थालेपछि वा अनुहारमा चाउरी पर्न थालेपछि वा कपाल फुल्न थालेपछि आफूलाई बुढो भएको बोध हुन थाल्छ । खासै यी विशेषताहरु भन्दा वास्तविक रुपले वृद्ध अवस्थालाई शारीरिक, मानसिक तथा उमेरले परिभाषित गर्दा नै यसको वास्तविक तथ्यमा पुगिन्छ ।

विस्तार विस्तारै छाला सुख्खा हुनाका साथै चाउरी पर्दै जानु, छुवाई वा स्पर्श महसुस घट्दै जानु, स्वाद चेतना घट्नु, भोजन पचाउन गाह्रो हुनु, शरीर कुप्रिनु, कपाल सेतै फुल्नु, आँखाको दृष्टि कमजोर हुनु, दाँत झर्नु, श्रवण शक्ति कमजोर हुनु, एक ठाउँवाट अर्को ठाउँमा जान लौराको सहायता लिनु पर्ने हुनु, रोगसंग लड्न सक्ने क्षमता कम हुँदै जाने भएकोले रोगले चाँडै थला पार्नु, रोग पनि निको पार्न गाह्रो हुनु आदि लक्षण भएका व्यक्ति नै शारीरिक रुपले बृद्ध हुन् । मानसिक दृष्टिकोणले कुनै पनि कुरा ढिलो गरी बुझ्नु, सृजनशीलताको तह घट्नु, कुनै कुरा वुझ्न वा सिक्न समय लम्बिनु, मनमा कुरा खेलिरहनु, चाँडै बिर्सनु, अल्प स्मरण हुनु, कसैले भनेका कुरामा प्रतिक्रिया दिन ढिला हुनु, एक्लै रहन खोज्नु, चिड-चिडाउनु आदि लक्षण भएको भन्ने वुझिन्छ । उमेरको दृष्टिकोणबाट पूर्वीय चिन्तन अनुसार मानव जीवनलाई २५/२५ वर्ष उमेर को चार चरणमा बाँडेर ५० वर्षपछिको जीवनलाई, नेपालमा पेसागत रुपमा सरदर ६० वर्ष ( निजामती सेवातर्फ ५८, शिक्षक सेवातर्फ ६० र त्रि वि वि सेवातर्फ ६३ वर्षमा अवकाश हुने) पछिको जीवनलाई तथा विकसित देशमा ६५ वर्षपछिको जीवनलाई बृद्ध अवस्थाको रुपमा परिभाषित गरिएको छ । उमेर आधारित परिभाषालाई सङ्क्षेपमा भन्नु पर्दा कुनै पनि देशको औसत उमेरको नजिक वा त्यो भन्दा बढी उमेर भई सकेको जीवनलाई बुढ्यौली जीवन भन्दा न्याय नै गरिएको हुन्छ होला ।

कुनै पनि मानिसको उमेर कालक्रमिकता वा जन्मदिनबाट मापन गरिन्छ ।

नेपालमा उमेरको आधारमा वृद्ध अवस्थालाई तीन प्रकारमा बाँडिएको पाइन्छ ।

**१. यौवन वृद्ध अवस्था(Young Adulthood):** ६० देखि ७४ वर्ष उमेरका वृद्धलाई यौवन वृद्ध अवस्था

**२. मध्यम वृद्ध अवस्था( Middle Adulthood):** ७५ देखि ७९ वर्ष उमेरका वृद्धलाई मध्यम वृद्ध अवस्था

**३. वयोवृद्ध अवस्था(Old age Adulthood):** ८० वर्ष भन्दा माथि उमेरका वृद्धलाई वयोवृद्ध अवस्था

स्वावलम्बन स्थितिको आधारमा वृद्ध अवस्थालाई चार प्रकारमा बाँडिएको पाइन्छ ।

**१. स्वतन्त्र वृद्ध अवस्था( Independent Elderly):** आफ्नो सम्पूर्ण आवश्यकता पूरा गर्न सक्ने वृद्ध अवस्था

**२. आश्रित वृद्ध अवस्था (Dependent Elderly):** आय आर्जनको कुनै स्रोत नभई जीवन गुजाराका लागि आफ्ना सन्ततीको वा आफन्तको आश्रय लिनुपर्ने वृद्ध अवस्था

**३. असहाय वृद्ध अवस्था( Destitue Elderly):** दैवी प्रकोप, पारिवारिक तनाव, सामाजिक र र ाजनीतिक कारणले उचित र स्याहार सुसार गर्ने कोही नभएका वा भएकाले पनि त्यागेका वृद्ध अवस्था

**४. असक्त वृद्ध अवस्था (Disable Elderly):** विभिन्न किसिमका दीर्घ रोग र दुर्घटनामा परी घाउ चोट लागि शारिरीक र मानसिकरुपमा कमजोर भएको वृद्ध अवस्था

(गौतम र अन्य २०६६ : २३,२४,२५)

सामाजिक रुपले घर, टोल, गुठीको नेतृत्व वर्ग वा थकालीहरुलाई परिभाषित गरिएको पाइन्छ । आर्थिक रुपले सम्पूर्ण परिवारको आम्दानीको स्रोतलाई सङ्कलन गर्ने र परिचालन गर्नेलाई परिभाषित गरिएको पाईन्छ तथा शारीरिक रुपले जवान छँदा मन बलियो हुन्छ अदृश्य शक्तिको सहारा खाँचो पर्दैन । जव उमेर ढल्किदै जान्छ तब मन कमजोर भई अदृश्य शक्ति सहारा स्वरुप कुनै न कुनै धर्मतिर लाग्ने हुन्छ वा अनुयायी बन्छ, यसलाई अध्यात्मिक रुपमा वृद्ध अवस्था भनी परिभाषित पनि गरिएको पाइन्छ । कुनै पनि मानिस जीवनमा सामाजिक वा आर्थिक वा उमेरगत वा अध्यात्मिक रुपले वा कुनै न कुनै तवरले मानिस वृद्ध अवस्थामा प्रवेश गरेको पाइन्छ ।

### ३. बुढ्यौली शास्त्र:

हरेक मानिसको जन्म पछि समय बित्दै जाने क्रममा उ बुढो हुदै जान्छ अथवा बुढ्यौली सुरु हुन थाल्छ । यो प्रक्रिया सेकेण्ड, दिन, हप्ता, महिना र वर्ष पार गर्दै अगाडि बढ्छ । तसर्थ आमाको गर्भमा गर्भ भएदेखि नै बुढ्यौली हुन्छ । बृद्ध सम्वन्धी अध्ययन वा अनुसन्धान गर्ने विधा बुढ्यौली शास्त्र (Gerentology) हो । बुढ्यौलीका बारे औपचारिक रुपमा अध्ययन गर्ने पहिलो व्यक्ति Mohammad Ibn Yusuf al-Harawi हुन । उनले Ainul Hyat नामक पुस्तक लेखी यसको शुभराम्भ गरेका हुन् ।

### ४.नेपालमा वृद्ध जनसंख्याको स्थिति र सामान्य विश्लेषण :

नेपालको कुल जनसङ्ख्या वृद्धिदर भन्दा ६० वर्ष माथिका मानिसहरुको जनसङ्ख्या वृद्धिदर तीव्र गतिमा वृद्धि हुँदै जानाले देशको सामाजिक, जनसांख्यिक तथा आर्थिक संरचनामा भविष्यमा दुरगामी असर पर्ने निःसन्देह नै देखिन्छ । नेपालमा बुढ्यौली जनसंख्याको स्थितिको महत्वपूर्ण सूचकको रुपमा वृद्ध जनसंख्याको आकार र वृद्धिको प्रवृत्तिलाई लिन सकिन्छ (सुवेदी, १९९६ई: ४२६) ।

RARAHIL MEMORIAL SCHOOL
"Be Smart. Be Good."
Kirtipur-11, Kathmandu, ph no.4330121, 4331249 Email: rarahill@mail.com.np, Website: www.rarahill.edu.com.np

ADMISSION OPEN
to
academic Session 2074/2016/17

Play Group

Salient Features:
Grade teaching classes (Play-way teaching learning approach) at Pre-primary & primary levels.
Homely & natural school environment.
Homely & hygienic hostel facility.
Regular & Special music, dance, art & sport activities, and field trips.
Seperate playground & dining hall for small kids.
Audio Visual teaching & learning classes

100% Successful SLC Result with Remarkable Distinction Since 2003

चुरे रहे पानी
पानी रहे हामी

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ३२ (संयुक्तांक २८६) ने. सं. ११३७ चिल्लाथ्व एकादशि बुधवाः २०७३ फागुण २५ गते बुधवार (Mar 08, 2017) मूल्य रु.१०/- पृष्ठ १४

# सप्तरी घटनाले ल्यायो नयाँ तरंग

## 'संघीय गठबन्धनद्वारा नेपाल बन्द सम्मको संघर्ष घोषणा'



**कीर्तिपुर सन्देश साप्ताहिक/**

एमालेले मेचि-महाकालि अभियान संचालनको क्रममा तराईको सप्तरीमा भएको घटनाले नेपालको राजनीतिमा नयाँ तरंग ल्याएको छ।

सो गोलिकाण्ड घटनामा परी चार जनाको निधन भएको र आधा दर्जन भन्दा बढि घाइते भएपनि बैशाख ३१ गते गर्ने भनिएको स्थानीय तहको चनावसमेत प्रभावित हने अवस्था देखिएको छ। तराई क्षेत्रमा मात्र हैन नेपालभरी नै यस्को प्रभाव पर्ने अवस्था देखिन थालेको छ।

विशेष गरि सरकारको नेतृत्व गर्ने माओवादी केन्द्र र सत्ता साझेदारी दल तथा गृह मन्त्रालयको जिम्मेवारी पाएको नेपाली कांग्रेसलाई समेत अप्ठ्यारो परेको छ। सो घटनापछि हतारमा छानविन गर्नेदेखि लिएर घाइतेको उपचार गर्ने घोषणा समेत गर्न बाध्य भएको छ। त्यसै गरि संघीय गठबन्धनमा आबद्ध मधेसी मोर्चादेखि जनजाति र ाजनीतिक दलहरुले समेत वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनि समेत दिएको छ।

सप्तरी घटनाको विरोध र दोषिलाई कारवाही, मृत्युहुनेहरुलाई शहिद घोषणा गर्नुपर्ने र मृतक परिवारका एक जनालाई सरकारी जागिर दिनुपर्ने, संविधान संशोधन सहितको प्रस्ताव परिमार्जन गरि पारित गर्नुपर्ने र स्थानीय तहको चुनाव घोषणा फिर्ता लिनुपर्ने माग गर्दै संघीय गठबन्धनले सरकारलाई ७ दिनको अल्टिमेटम दिदै आन्दोलनको कार्यक्रम समेत सार्वजनिक गरेको छ। फागुन २७ गते शुक्रवार नेपाल बन्द गर्ने समेत घोषणा गरेको छ।

यसरी संघीय गठबन्धन अघि बढेको अवस्थामा सरकारलाई अप्ठ्यारो मात्र हैन एक ढंगको कठोर निर्णय गर्न बाध्य बनाउने अवस्था आएको छ।

## ओली विनाको पत्रकार सम्मेलन गरि मधेसमा अभियान नगर्ने एमालेको घोषणा



**कीर्तिपुर सन्देश साप्ताहिक/**

राष्ट्रियताका लागि भनी मेची महाकालि अभियान संचालन गरेको एमालेले सप्तरी घटनापाछि अव मधेसमा सो अभियान संचालन नगर्ने घोषणा गरेको छ। तीन दिन सम्म अभियान स्थगित गरेको एमालेले मंगलवार पत्रकार सम्मेलन गरि आउदो २७ गतेदेखि हेटौंडावाट फेरी सो अभियान संचालन गर्ने जानकारी दिएको छ। मधेसी र जनजातिलाई होच्याउदै बोल्ने एमालेका अध्यक्ष केपी शर्मा ओली विनाको पत्रकार सम्मेलनमा सो पार्टीका अन्य नेताहरुले उक्त जानकारी दिनु भएको हो।



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# शंखरापुर र दक्षिणकाली यथावत राख्न बाध्य

**बालानन्द पौडेलको नेतृत्वमा बनाएको गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रहरुको सीमाना र संख्या निर्धारण समितिले साँखुको शंखरापुर नगरपालिकालाई मनोहरा नगरपालिकामा र दक्षिणकाली नगरपालिकालाई कीर्तिपुर नगरपालिकामा गाभ्ने निर्णय गरेको विरुद्ध स्थानीयवासीले गरेको आन्दोलनका कारण अन्ततः ती नगरपालिकाहरु यथावत राख्न बाध्य भएको छ। पहाडका कुनै ठाउँमा नगरपालिकाको लागि ३० हजार जनसंख्याको मापदण्ड र कुनै ठाउँमा ६० हजारको मापदण्ड राखेको कुरालाई उठाएपछि शंखरापुर नगरपालिका र दक्षिणकाली नगरपालिका कायम गर्न सरकार बाध्य भएको हो।**

**स्थानीयवासीले स्वत:स्फूर्त रुपमा आ–आफ्नो स्थानीय पहिचान लगायतका मुद्दाहरु समेत उठाउदै आन्दोलन गरेपछि सत्तापक्षदेखि प्रमुख प्रतिपक्षका स्थानीय नेता तथा कार्यकर्ताहरु पनि आन्दोलनमा आउन बाध्य भएको र सो आन्दोलन चर्कंदै गएको अवस्थामा सरकारले दुई वटा नगरपालिकालाई यथावत राख्ने निर्णय गरेको हो।**

**उपत्यकाका दुईवटा नगरपालिकाका स्थानीयवासीले साझा मुद्दालाई उठाउदै आन्दोलन गरे ती मागहरु पुरा गर्न राज्यसत्ता बाध्य हुने उदाहरण शंखरापुर नगरपालिका र**

# कीर्तिपुरमा सडक महोत्सव हुने

ट्रि मिडिया प्राइवेट लिमिटेडको संयोजनमा कीर्तिपुरमा आगामी चैत्र ३१ गतेदेखि बैशाख २ गतेसम्म कीर्तिपुर सडक महोत्सव हुने भएको छ। कीर्तिपुरको नयाँबजार पाँगा दोबाटोदेखि त:गवपि नगाउँ दोबाटोसम्मको क्षेत्रमा सडक महोत्सव हुने भएको छ।

सडक महोत्सवको अवसरमा उक्त क्षेत्रमा यातायात पूर्ण रुपमा बन्द गरिने भएको छ। नगाउँ, भत्केपाटी जानु पर्ने गाडीहरुलाई लोकतान्त्रिक चोकबाट रिंगरोडको बाटो हुँदै ढल्पाबाट पठाउने जनाइएको छ।

सडकको दायाँ बायाँ विभिन्न स्टलहरु रहने छन। जसमा नेवा: खाजा, पहिरन, कीर्तिपुरका औद्योगिक प्रदर्शन धार्मिकस्थलको परिचय झल्कने झाँकीहरु पनि रहने छन। सांगितिक कार्यक्रम दिनभरि हुनेछ। त्यसको लागि कीर्तिपुरका विभिन्न सांगितीक ब्याण्डहरुसँग सम्पर्क भइरहेको ट्रि मिडियाका दिपक नेपालीले बताउनु भयो।

उक्त प्रदर्शनमा धुम्रपान र मद्यपान निषेध गरिएको छ।

# होली



इन्द्रबहादुर महर्जन

**होली त्यो दानवलाई मारेको मात्र नभई मधुकैतव, हिरन्यास, तारकासूर, गजासूर, महिसासूर दुर्गासूर, रक्तवीर, रावण, दुर्योधन, कंश जस्ता अन्य दानवबाट मुक्त भएको उपलक्ष्यमा पनि मनाई आएको हो। विदाको दिन र रोमांचक हुने भएकोले यो निरन्तर भएको देखिन्छ।**

होली एक रमाईलो चाड हो। यो केटाकेटीहरुलाई अझ बढी रमाईलो हुन्छ। यो हरेक वर्ष फागुण पूर्णिमा दिन पर्छ। तराईमा भोलीको दिन होली मान्ने गर्छन। यो विष्णु पुराणमा ब्रम्हाका चारवेद -ऋग्वेद, अर्थवेद, सामवेद, यजुवेद हुन्। ब्रम्हाका चारहातमा चार वेद रहेको हुन्छ। जुन वेद वालिका रुपमा पनि प्रकट हुने गर्थिन। एक दिन ती वालिका विष्णुलाई भेट्न जाँदा वैकुण्ठलोकमा द्वार पाल जय र विजय नामकले ती वेदलाई भित्र पठाउन इन्कार गरेकोले श्राप दिएका थिए। तिमी दुईजना तीन युगसम्म राक्षस रुपमा जन्मलिई विष्णु भगवानको अवतारबाट बध हुनु परोस्।

यी श्रापका कारण वैकुण्ठ लोकका द्वारपाल जया र विजय सत्ययुगमा हिरण्यकशीपु र हिरन्यासको रुपमा शक्तिशाली दानव भइ जन्म लिए जुन हिन्यासलाई मार्न विष्णुले वराह अवतार लिनु पर्‍यो। हिरणकशिपु लाई मार्न विष्णुले नर्सिङ अवतार लिनुपर्‍यो। त्रितायुगमा जया र विजया द्वारपाल रावण र कुम्भकर्ण भई जन्म लिए भने द्वापर युगमा ती द्वारापाल कंश र दुर्योधन भई जन्म लिए।

सत्ययुगमा जन्म लिएका शिरण्यकशिपु दानव गुरु शुक्राचार्यको आज्ञानुसार कठोर तपस्या गरी स्थलमा, जलमा, आकाशमा, दिनमा, रातमा, हतियारबाट वा अष्ट्र-शस्त्रबाट, देवगण, मान्छे कुनै बाट मर्नु नपर्ने अपार शक्ति लिई देवगण, मानि, सारा प्राणी र आफ्नो छोरा भक्त प्रल्हादलाई समेत विष्णु भक्तका कारण गम्भीर यातना दिए। सारा ऋषिमुनीहरुलाई वन्दी बनाई बेस्सरी चुल्ने मार्ने गरे स्वर्गमा इन्द्रदेवलाई धपाई दिए।

आफ्ना छोरा भक्त प्रल्हादलाई भीरबाट नदीमा खसाले, सर्पबाट टोक्न लगाए, हात्तीलाई रक्सी खुवाएर हात्तीबाट मार्न लगाए। कराईमा तेल तताई त्यसमा बसाले, कालो विष पिलाए। अनेक उपायबाट भक्त प्रल्हादलाई मार्न नसके पछि हिरण्यकशिपुका बहिनी होलीकाले ब्रम्हाबाट पाएको ओढ्ने आगोले नछुने शक्ति प्राप्त गरेकोले आफूले आगोले नछुने वस्त्र धारण गरी भक्त प्रल्हादलाई मार्ने नियतले दाउराको चाङ लगाई दाउरामाथि होलीकाले भक्त प्रल्हादलाई काखमा राखी आगो लगाउन दिए। आगो लगाएपछि आगोले नछुने वस्त्र उडेर भक्त प्रल्हादलाई छोपे र होलीकालाई आगोले पोलेपछि ब्रम्हाको वर दान झुठ भनेर चिच्याए अनि ब्रम्हा प्रकट भई यो वस्त्र तिम्रो सुरक्षाको लागि दिएको तर अर्कालाई मार्न दिएको होइन। तिम्रो कपटीबाट वस्त्र उडेको भनी जवाफ दिए। होलीका खरानी भए तर त्यो वस्त्रले छोपेकोले भक्त प्रल्हाद बचे। अन्यायबाट न्यायको विजय प्राप्त भएकोले असत्यबाट सत्यको विजयको रुपमा होली मानेको हो।

रातो अवीर दुष्ट दानवको रगतले नुहाएको संकेत हो। पछि भक्त प्रल्हादले विष्णु भगवान जताततै देखेको भनेपछि खम्बामा पनि छ कि भनी हिरण्यकशीपु दानवले प्रल्हादलाई सोध्दा छ भनी जवाफ दिएकोले तरवारले खम्बामै फाटेपछि नसिंङ प्रकट भई पुरुषोतम महिनामा सूर्य आथमात्र अष्टाउँदा ढोकामा राखी काखमा राखी नङले घोचेर हिरण्यकशीपुलाई मारे। त्यो समय दिन पनि होइन, रात पनि होइन, आकाश, पाताल, जमिन पनि होइन। शस्त्र अस्त्र पनि होइन वरदान अनुसार मिलाएर मारे र सारा मनुष्य, देवगणलाई मुक्त बनाए। त्यही नामबाट होली फागु पूर्णि मानेको हो। होली त्यो दानवलाई मारेको मात्र नभई मधुकैतव, हिरन्यास, तारकासूर, गजासूर, महिसासूर दुर्गासूर, रक्तवीर, रावण, दुर्योधन, कंश जस्ता अन्य दानवबाट मुक्त भएको उपलक्ष्यमा पनि मनाई आएको हो। विदाको दिन र रोमांचक हुने भएकोले यो निरन्तर भएको देखिन्छ।

नर्सिंङले हिरण्यकशीपु दानवलाई मारे पनि आफ्नो क्रोध थाम्न नसकी भक्त प्रल्हाद र अन्य देवगणबाट विष्णुको गुणगान स्तुती गाउँदा पनि क्रोध थाम्न नसकी त्यो भवनको छेउको रुखमा दुईटै हातको औलाले घोचेपछि बल्ल रिस थाम्न सकेको बारे विष्णु पुराणमा उल्लेख छ। त्यो नङले घोचेको रुख हालसम्म ताजा छ। त्यो रुखमुनी बस्न जाँदा र गत सुकेर जाने र १-२ घण्टासम्म बस्दा मान्छे नै मृत्यु हुने कुरा हालसम्म ताजा छ।



# पुष्पसदन स्कुलमा पुरस्कार वितरण तथा अभिभावक दिवस सम्पन्न



**कीर्तिपुर सन्देश/**

कीर्तिपुरको एक प्रतिष्ठित संस्थागत विद्यालय पुष्प सदन आवासीय माध्यमिक विद्यालयले गत फागुण २१ गते शनिवार एक आफ्नै प्रागणमा भव्य कार्यक्रमका वीच पुरस्कार वितरण तथा अभिभावक दिवस सम्पन्न गरेको छ। विद्यालयका संस्थापक अध्यक्ष एवं निर्देशक महेश श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि शिक्षा मन्त्रालयका सहसचिव बैकुण्ठ अर्याल हुनुहुन्थ्यो । राष्ट्रिय गान र अर्केष्ट्राको धुनबाट सुरु भएको उक्त कार्यक्रममा कक्षा १० की विद्यार्थी सुप्रिया सिंहले स्वागत मन्तव्य दिनु भएको थियो। उक्त अवसरमा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कायर्बक्रम अन्तर्गत ग्रुप डान्स, टालेन्ट शो पनि गरिएका थिए । विद्यालयमा वर्षभरिमा भए गरिएका खेलकुद लगायत विभिन्न कार्यक्रमहरुमा प्रथम द्वितिय र तेश्रो हुने विद्यार्थीहरुलाई प्रमुख अतिथिले मेडल, प्रमाण पत्र र पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रमको आकर्षक पक्ष भनेको डान्स पछि एसएलसी परीक्षा २०७२ मा ए प्लस नतिजा ल्याउने १८ जना विद्यार्थीहरुलाई जनही दस हजारका दरले नगद पुरस्कार दिइएको थियो ।

अभिभावकको तर्फबाट मन्तव्य राख्ने क्रममा डा. केशव प्रसाद अधिकारीले पुष्पसदन स्कुलमा आफ्नो बच्चा पढाउन पाएकोमा गर्व महसुस गर्नुभयो। विद्यालय भनेको त्यो हो जहाँ बालबालिकामा रहेको टालेन्टलाई उजागर गर्नु हो। विद्यार्थी भनेको एउटा सादा ढुंगा हो । त्यसलाई कुन रुप दिने हो त्यो विद्यालयका शिक्षक शिक्षिकाहरुको क्षमतामा निर्भर गर्छ। आज यहाँ प्रस्तुत गरिएका विभिन्न कार्यक्रमहरुको अवलोकन गर्दा यस अभियानमा पुष्प सदन आवासीय माध्यमिक विद्यालय सफल भएको मान्नुपर्छ । यस विद्यालयले सुरुदेखि नै एसएलसीमा उत्कृष्ट ल्याउन सफल भएको र उत्कृष्ट ल्याउनेहरुलाई पुरस्कार वितरण गर्दा अन्य विद्यार्थीहरुलाई पढ्ने हौसला प्रदान हुने बताउनु भयो । प्रमुख अतिथि बैकुण्ठ अर्यालले कुनै बेला आफू पनि यस विद्यालयको अभिभावक भएकोले यो स्कुलसंग नजिकको सम्बन्ध रहेको बताउनु हुँदै राम्रो विद्यालय त्यो हो जहाँ हाम्रा बालबालिकाले उत्कृष्ट नतिजा ल्याउन सक्छ। सबै बालबालिकाहरु समान रुपले हरेक क्रियाकलापमा सहभागि भएका छन्। राम्रा विद्यालय त्यो हो जहाँ सबै बालबालिकाले विना भेदभावले शिक्षा हासिल गर्न सक्छन, उनीहरुभित्र लुकेर रहेको प्रतिभा उजागर गर्न सक्छन, विद्यालयको हरेक कृयाकलापमा अभिभावकहरुलाई जानकारी दिने विद्यालय राम्रो विद्यालय हो यस्ता विद्यालयहरु मात्र राम्रो विद्यालय मान्न सकिन्छ जुन पुष्पसदन स्कुलमा विद्यमान छ भन्नुभयो।

प्रिन्सिपल यशोदा श्रेष्ठले आफ्नो मन्तव्य दिनेक्रममा विद्यालयको संक्षिप्त परिचय दिने क्रममा भन्नुभयो, "२०४० सालमा स्थापना भई २०४८ सालदेखि एसएलसी परीक्षामा सामेल भएको थियो। विगत वर्षहरुमा झैं उत्कृष्ट हुने विद्यार्थीहरुलाई दिंदै आइरहेको नगद पुरस्कार कायमै राखेको छ । गत वर्षदेखि एसएलसीमा ग्रेडिंग प्रणाली सुरु भएकोले ए प्लस अंक ल्याउने १८ जनालाई जनही रु दश हजार दिने निर्णय भए अनुसार वितरण गरिएको बताउनु भयो । अबदेखि एसएलसी परीक्षा कक्षा १२ मा हुने भएकोले २०७२ सालको एसएलसी परीक्षा नै अन्तिम परीक्षा भएको छ। कक्षा ५ देखि १० कक्षासम्मका लागि दिइने मृदुला छात्रवृति २०७३ सालको परीक्षाको नतिजा हेरेर आगामी २०७४ सालमा दिइने बताउनु भयो । त्यस्तै आगामी शैक्षिक सत्रदेखि कक्षा ११ संचालन गरिने, विद्यालयलाई डिजिटल प्रणालीमा लैजानको लागि भौतिक सुधार अन्तर्गत कक्षा ३देखि १० कक्षासम्मको लागि प्रोजेक्टर राख्ने काम भइसकेको, हरेक कक्षा र मैदानमा समेत सीसीटिभी जडान भैसकेको जानकारी पनि दिनुभयो।

प्रिन्सिपल यशोदा राईले पुष्पसदन स्कुलका शिक्षकहरुलाई नेपाल सरकारले तोके बमोजिम पारिश्रमिक दिंदै आइरहेकोमा शिक्षकहरुको तलब बढाउनको लागि नेपाल सरकारले तोकेको सिमामा रही विद्यार्थीहरुको शुल्क बढ्ने जाकारी दिनुहुँदै विद्यार्थीहरुको शुल्कको भरमा नै स्कुल चलिरहेकोले शुल्क बढाउनु परेको विवशता पनि जनाउनु भएको थियो। अन्तमा अभिभावकहरु बाट सहयोग पाउने आशा राख्दै उपस्थित सबै अभिभावक र अतिथिहरुलाई धन्यवाद दिनुभयो।


के तपाई मोटोपनबाट चिन्तित हुनु हुन्छ, अब चिन्ता नमान्नुहोस्

LOSE WEIGHT WITHOUT DIET OR EXERCISE

भुइँस्याउ





★ सेवनकर्ताको मेटाबलिज्म (पाचनक्रिया) मा तत्काल परिवर्तन हुने ।
★ उच्च फाइबरको मात्रा हुने ।
★ कोलेस्ट्रोल र मधुमेहलाई सन्तुलनमा राख्ने ।
★ शरीरमा जम्मा भएको बोसोलाई शक्तिमा परिवर्तन गर्ने ।
★ मोटोपन घटाउनका लागि खानपिनमा सुधार तथा व्यायाम गर्नु नपर्ने ।
★ पाचन शक्तिमा सुधार हुने ।
★ रोग प्रतिरोधात्मक शक्तिको क्षमता बृद्धि हुने ।
★ प्राकृति रूपमा FOS प्राप्त हुने ।

अन्य विभिन्न प्रकारका फलफुल, विउ विजक र विरुवाहरुको लागि सम्झनुहोस्

धौलागिरी नेचुरल फुड्स एण्ड हर्वस् प्रा. लि.
कीर्तिपुर, ट्याङ्ला काठमाडौं । फोन नं. : ०१-४३३०३०५, ९८५१२१०४६३
dhaulagiriherbs@gmail.com
groundapplenepal dhaulagiriherbs


Exchange Offer
Online Shoping को लागि
Playstore मा MN Shop App. को व्यस्था
सम्पुर्ण सामानहरुमा वारेन्टी
सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु
SAMSUNG
ZTE
COLORS
GIONEE Make Smiles
OPPO Camera Phone
ZOPO SMARTPHONE
MEIZU
HUAWEI
LAVA
Mobile Nikunja Pvt. Ltd.
Mobile
Nikunja Pvt. Ltd.
Head Office:
Kirtipur-17, Kathmandu ☎ : 01-4333257
E-mail: mobilenikunj4333257@gmail.com
Showroom:
Kirtipur-17, Kathmandu
Prayag Pokhari-12, Lalitpur
Kuleshwor-14, Kathmadu
Mahabauddha-5, Mobile House

# ज्येष्ठ नागरिक समाज लुभुको ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगामा



**कीर्तिपुर सन्देश /**

ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाले ज्येष्ठ नागरिकहरुको लागि संचालन गरिंदै आएको दिवा सेवाले ख्याति प्राप्त गरिरहेको कीर्तिपुर क्षेत्रमा मात्र नभई काठमाडौं, ललितपुरमा समेत पुगेको छ।

ज्येष्ठ नागरिक सेवा केन्द्रले कसरी दिवासेवा संचालन गरिरहेको छ हेर्न र बुझ्नका लागि ज्येष्ठ नागरिक समाज लुभुका पदाधिकारीहरु सहित ५० जना ज्येष्ठ नागरिकहरु गत शनिवार पाँगा लाछीस्थित केन्द्रमा आइपुगे। लुभु ज्येष्ठ नागरिक समाजका अध्यक्ष पद्मलाल श्रेष्ठ, रामलाल श्रेष्ठ र भगत कुमारी अधिकारीलाई ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाले फूलमाला र खादा ओढाई सम्मान गरिएको थियो। सम्मानीत पछि आफ्नो मन्तव्य राख्नेक्रममा पद्मलाल श्रेष्ठले ज्येष्ठ नागरिक सेवा केन्द्रको निस्वार्थ सेवाको सह्राना गर्दै ज्येष्ठ नागरिकहरुको सेवा गर्नु भनेको मन्दिरमा पूजा थाली लिएर पूजा गर्नुभन्दा ठूलो धर्मको कुरा हो। हामीले ज्येष्ठ नागरिकको सेवा गर्दा हाम्रा बालबालिकाले पनि आमा बुबालाई सेवा गर्नु पर्छ भन्ने भावना विकास भएर हाम्रो समाजमा परिवर्तन आउन सक्छ भन्नु भयो। ज्येष्ठ नागरिक समाज लुभुले ज्येष्ठ नागरिक सेवा केन्द्रका ज्येष्ठ नागरिकहरु न्हुच्छेमाया महर्जन–९७ वर्ष, सन्तमाया महर्जन-९६ वर्षको साथै सल्लाहकार इन्द्रमान महर्जन, अध्यक्ष दुर्गा कुमार ी महर्जन, उपाध्यक्ष सत्तुराम महर्जन र सचिव हरिदेवी महर्जनलाई पनि सम्मान गरिएको थियो। दिनभरि भजन किर्तन गर्दै रमाइलोसित दिन बिताएर फर्किए। कुनै दिन फुर्सद मिलाएर लुभुमा भ्रमण गर्नको लागि पनि निमन्त्रणा दिएर जानु भयो।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

बाल विकास शिक्षामा लामो समय देखि सेवारत समूहद्वारा सञ्चालित PRAYAS PRE-SCHOOL & TRAINING CENTER मा नयाँ भर्ना खुल्यो !!!

हाम्रो विशेषताहरू

- पूर्ण तालिम प्राप्त प्रशिक्षकहरु भएको।
- लामो समय देखि बाल विकास शिक्षामा कार्यरत प्रशिक्षकहरु भएको।
- खुल्ला र रमणिय वातावरण भएको।
- यातायातको व्यवस्था भएको।
- स्वस्थ र पोषणयुक्त खानाको व्यवस्था भएको।
- नियमित स्वास्थ्य परिक्षण गरिने।
- अधिक शैक्षिक सामाग्रीहरुले सजिएको कक्षा कोठाहरु भएको।
- अंग्रेजी र नेपाली भाषाको दुई प्रशिक्षकहरुको व्यवस्था भएको।
- पर्याप्त खेल सामाग्री र खेल मैदान भएको
- डे केयरको समेत व्यवस्था भएको।
- भुकम्प प्रतिरोधी भवन भएको।
- श्रव्य दृष्यको माध्यमबाट अध्यापन गराइने।
- शिक्षक तालिमको व्यवस्था भएको।

आजै सम्पर्क राख्नुहोला।



प्रयास प्रि-स्कूल तथा तालिम केन्द्र
भाजङ्गल चौतारी नजिकै, की.न.पा-१८, भाजङ्गल
सम्पर्क: ९८४१४७९९३७, ९८०८७५४९२१
Facebool: Prayash Montessori
E-mail: prayash2073@gmail.com



लगानीको नयाँ क्षेत्र

? ? ? ?

सहकारी, संघसंस्था तथा लगानीकर्ताहरुका लागि...............

MUKTINATH INVESTMENT PVT. LTD.

Battisputali-9, Kathmandu, Nepal.(Head Office)
Phone No. 01-4485894 Mobile No: 9801078318
Tanglafat, Kirtipur (Branch)
Email: muktinathinvestment@gmail.com, http://www.www.muktinathinvestment.com

# नेपाल क्योकुशिन-सेइसिन काईकन कराँते संघको अधिवेशन



–नविन महर्जन–



नेपाल क्योकुशिन-सेईसिन काईकान कराँते संघको प्रथम अधिवेशन गत फागुण २१ गते शनिवार सम्पन्न भएको छ।

अशोक कुमार श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि सांसद ओमदेवी मल्लले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो।

विशेष अतिथी पूर्व राज्यमन्त्री दिलिप महर्जन, अन्य अतिथिहरुमा रा.खे.प.का सदस्य राजेन्द्र श्रेष्ठ, राष्ट्रिय युवा परिषदका सदस्य निरोज क्षेत्री, नेपाल फुल कन्ट्राक्ट महासंघका अध्यक्ष दमन वस्नेत, काभ्रे रेडक्रसका सभापति रघुनाथ चौप्रधान र शिक्षा तथा शारिरीक विज्ञ प्रा.डा. शिवशरण महर्जन हुनुहुन्थ्यो।

उदघाटन गर्नुहुँदै प्रमुख अतिथिले यस खेलले छोटै समयमा १६ जिल्लामा विस्तार गर्दै सह्रानिय काम गरेको बताउनु भयो।

अतिथि प्रा.डा.शिवशरण महर्जनले खेलकुद र शिक्षा संग सँगै अगाडी बढेमा मात्र देशका युवाहरुको समुन्नत विकास गर्ने उल्लेख गर्नु भएको थियो। सभापतिको आशनबाट अशोक कुमार श्रेष्ठले वास्तवमा राष्ट्रलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने महत्वपूर्ण योगदान गर्ने क्षेत्र खेलकुद क्षेत्र हो। खेलकुदकै कारण सम्पूर्ण विश्व मानव संसार एउटै ठाउँमा सजिलो किसिमले अट्न सहज भएको देखिन्छ। युवा, बाल, बालिकालाई कुनै देशको राज नेता एवं राष्ट्पतिको नाम याद हुँदैन तर कुनै खेलाडीको बारेमा प्रश्न गर्दा उसले त्यस खेलसंग सम्वन्धित खेलाडी, खेल र राष्ट्रको बारेमा सजिलै उत्तर दिन सकिन्छ तसर्थ उनीहरुको मानसपटलमा यस्ले कति जग गाडिएको थाहा पाउन सकिन्छ भन्नुभयो। सोही अनुरुप नेपालमा क्योकुशिन-सेईसिन काईकान कराँते संघको स्थापना भई देशभरी विस्तार गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलजगतमा नेपालको नाम चिनाउने मूल उद्देश्यले गठित भएको सभापतिले जानकारी दिनुभयो।

उद्घाटन सत्र पछि भएको बन्द सत्रबाट १७ सदस्यीय कार्यसमिति सर्वसहमतिबाट चयन गरेको थियो। निर्वाचन अधिकृतका रुपमा रा.खे.प.बाट आउनु भएका ओमनाथ न्यौपाने र चन्द्रकुमार राईले निर्वाह गर्नु भएको थियो। जस्मा

अध्यक्ष : अशोक कुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष सन्जु महर्जन, द्वितिय उपाध्यक्ष ज्ञानी राजा शाक्य, महासचिव सुरेन्द्र डंगोल, सचिव प्रवीण डंगोल, सदस्यहरुमा : नविन महर्जन, कैलाश पलांचोकी, विष्णु श्रेष्ठ, राजु तामाङ, मनिक सिंह तामाङ, संजय कोजु, राजकुमार देवकोटा, सुन्दर प्रजापति, रहदेव पोरे, राजेन्द्र थापा र विष्णु खड्का गरी कुल १७ जनाको कार्यसमिति गठन गरिएको थियो।

# तिलोत्तमा गोल्डकप संकटा क्लबको पोल्टामा

यस सिजनको फुटवलमा संकटा क्लबले आफ्नो पुरानो छवि कायम गर्दै पुनः फुटवलमा पुनरागमन गरेको छ। गत शनिवार सम्पन्न तिलोत्तमा गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्दै संकटाले विभागीय टिम त्रिभुवन आर्मी क्लबलाई २-१ गोलले पराजित तिलोत्तमा गोल्ड कप हात पार्न सफल भएको छ। उपाधिको साथसाथै विजेता भई नगद रु.५ लाख ५५ हजार ५ सय ५५ रुपैया जित्न सफल भएको छ। गत वर्षको च्याम्पियन आर्मी क्लबले यसपाली उपविजेतामा चीत्त बुझाउन बाध्य भयो।

संकटाको निराजन खड्काले उत्कृष्ट प्रदर्शन गरेको थियो। यस प्रतियोगितामा रुपन्देही ११का दिलिप क्षेत्री उत्कृष्ट खेलाडी, गोलकिपरमा संकटाका विनय श्रेष्ठ, सर्वाधिक गोलकर्तामा आर्मीका दीप लामा, उत्कृष्ट मिडफिल्डरमा संकटाका निराजन खड्का र उत्कृष्ट डिफेन्समा आर्मीका कप्तान हिरण्य मगर घोषित भए। उत्कृष्ट प्रशिक्षकमा संकटाका सल्यान खड्गी घोषित भए।



गत कार्तिक १२ गतेदेखि प्रत्येक शुक्रवार र शनिवार भइहरको नेपालमण्डल दाफा महोत्सव गत शनिवार सम्पन्न भएको छ। आउदो चैत्र २७ गते एक समारोहवीच औपचारिक रुपमा महोत्सको समापन गर्ने कार्यक्रम तयार गरेको छ।




भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस हिलटाउन स्कूलमा नयाँ शैक्षिक सत्र २०७४ को लागि प्ले-ग्रुप (नर्सरी तयारी कक्षा) मा नयाँ भर्ना खुल्यो।

तुरुन्त सम्पर्क गर्नुहोस्।

फोन नं.: ४३३१७३९, ४३३१४०७

## ज्येष्ठ नागरिकद्वारा इनोभेटिभ प्री-स्कुल पाँगाको उद्घाटन



पाँगाको प्रगतिपथ कार्की टोलमा साना नानीहरुको लागि इनोभेटिभ प्री-स्कुल नामको स्कुल संचालनमा आएको छ। उक्त स्कुलको उद्घाटन पाँगाका दुईजना ज्येष्ठ नागरिकहरुले संयुक्त रुपमा रिबन काटी उद्घाटन गरिएको छ।

महिला ज्येष्ठ नागरिक न्हुच्छेमाया महर्जन वर्ष ९६, पुरुष ज्येष्ठ नागरिक कृष्णवहादुर महर्जन ८६ वर्षले संयुक्त रुपमा उद्घाटन गरिएको हो। उद्घाटन पछि दिनभरि उक्त स्कुलको प्रांगणमा ८० जना ज्येष्ठ नागरिकहरुले भजन, किर्तन, योग, ध्यान गरी दिन बिताएका थिए। उहाँहरुलाई खाजा र खानाको व्यवस्था गरिएको थियो।

पांगाका शिक्षित, अनुभवी युवाहरुको जमातद्वारा संचालित उक्त स्कुलको प्रिन्सिपल सोनिया धजिस्था हुनुहुन्छ। उहाँले काष्ठमण्डप विद्यालय मन्दिखाटारमा छ वर्ष र राजर्षि गुरुकुल भक्तपुरमा ३ वर्ष अध्यापन गरिसक्नु भएको छ। उहाँ प्रि प्राइमरी स्कुलका शिक्षकहरुलाई प्रशिक्षण दिने प्रशिक्षक पनि हुनुहुन्छ। त्यस्तै मिजेश महर्जन पीजिडिई, शिक्षकहरुलाई प्रशिक्षण दिने प्रशिक्षक पनि हुनुहुन्छ। रोबिया महर्जन एमसीए, शिक्षक, सन्जीव महर्जन, असिस्टेन्ट प्रोफेसर हुनुहुन्छ। उहाँहरुको उद्देश्य सिकाई प्रकृयामा विद्यार्थी आत्म निर्भर हुनु पनि हो भनिएको हो। हाललाई प्ले ग्रुपदेखि एलकेजीसम्म पढाई हुने, ८ जना विद्यार्थीहरुमा एक जना शिक्षक, एउटा कक्षामा २४ जनाभन्दा बढी विद्यार्थी नराख्ने जनाइएको छ।




## 'मधेसीले लखेटिएका, जनजातिले भगाएकाहरुले नेवाःहरुलाई विस्थापित गर्न खोजिरहेको छ'




**कीर्तिपुर सन्देश साप्ताहि**

लाहुर्निपका सचिव एवं अधिवक्ता शंकर लिम्बुले मधेसीले लखेटिएका, जनजातिवाट भागेकाहरुले नै काठमाण्डौं उपत्यकाका आदिवासी नेवाः समुदायलाई आफ्नो भूमिवाट विस्थापित गर्न खोजिरहेका कारण नेवाः समुदाय गम्भीर हुनुपर्ने बताउनु भएको छ।

हलिं नेवाः गुथिको आइतवार तोखामा सम्पन्न भएको आठौं महाधिवेशनको उद्घाटन समारोहमा उहाँले सो कुरा बताउनु भएको हो। जनजातिका अभियन्ता लिम्बुले तिनिहरु नै अहिले मुलुकको शासन गर्न सिंहदरवारमा रहेको र राज्यका हरेक निकायमा तिनिहरु नै रहेको कारणले अहिलेको अवस्थामा जनजाति, मधेसीदेखि उत्पीडित समुदाय सचेत गम्भीर हनुपर्ने बताउनु भएको छ।

सो कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बरामले अहिलेको अवस्थामा पनि आदिवासी जनजातिलाई राज्यले विभेद गरिएको कारण आन्दोलनमा उत्रनुपर्ने बताउनु भयो। कार्यक्रममा नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले जारी संविधानले नै नेवाः समुदाय र आदिवासी जनजाति, मधेसी लगायत उत्पीडित समुदायलाई विभेद गरेका कारण समानताको लागि सबै एक भएर लाग्नुपर्ने बताउनु भयो। हलिं नेवाः गुथिका अध्यक्ष शान्तप्रकाश श्रेष्ठको सभापतित्वमा भएको सो समारोहमा लोककवि एवं ज्यापु महागुथिका केन्द्रीय अध्यक्ष राजभाई जकःमिले कविता वाचन गर्नु भएको थियो।

कार्यक्रम गर्नु भन्दा अघि सांस्कृतिक झाँकी सहितको र्‍याली निकालिएको थियो भने अधिवेशनले शान्तप्रकाश श्रेष्ठकै नेतृत्वमा केन्द्रीय समिति गठन गरेको थियो। अधिवेशनमा कीर्तिपुर, भक्तपुर, ललितपुर, काठमाण्डौं, थानकोट, तोखा लगायतका हलिं नेवाः गुथिका शाखाबाट प्रतिनिधित्व भएको थियो।

SHEMROCK
SIMRIK
Montessori Training Center
Kirtipur-17, Kathmandu
Why Montessori Training in Shemrock Simrik ?
Trained by Experienced Teacher
Practice in standard Montessori lab
Standard Art & Craft(Rhymes & Games)
Free Piano class & rhymes
Free teaching training
Intership in Shemrock Simrik
100% Job placement


Morning Shift
07:00-09:00
Evening Shift
04:00-06:00
Contact for Admission
Contact: 4330646, 9841353526, E-mail: simrikshemrock@gmail.com

# राजविराज घटना, फिल्डमा जे देखियो, त्यही लेखियो








**एस.के. शान**

प्रहरीले चलाएको गोली लागेर सोमबार सप्तरीमा चार जनाको ज्यान गयो । नेकपा एमालेले प्रारम्भ गरेको मेची-महाकाली राष्ट्रिय अभियानलाई बिथोल्न गएका मधेसी मोर्चाका कार्यकर्तामाथि प्रहरीले गोली चलाउँदा एक दर्जन बढीलाई गोली लाग्यो ।

गोली लागेका मध्ये मलेठ गाविस २ का सञ्जन मेहता, मलेठ गाविस ४ का पितामंबर मण्डल, प्रसवनी गाविसका आनन्द साह र डिमन गाविसका दिगम्बर यादवको ज्यान गएको छ ।

मृतक मध्ये मेहताको घट्नास्थलमै ज्यान गएको हो भने यादव र मण्डललाई उपचार का लागि धरान लग्दै गर्दा र साहको उपचारका क्रममा धरानमै मृत्यु भएको हो ।

सञ्जनको टाउकोमा गोली लागेको थियो भने अन्यको छातीमा गोली लागेको छ ।

घटनामा गोली प्रहारबाट एक जना १२ बर्षीय बालक सुरेन्द्र साहसहित आठ जना घाइते भएका छन् । घाइतेहरुलाई अस्पताल भर्ना गरिएको छ । घाइतेमध्ये अधिकांशको उपचार धरान र राजविराजमा भइरहेको छ ।

प्रहरीको लाठी चार्जबाट एक दर्जनभन्दा बढी घाइते भएका छन् । सद्भावनाका केन्द्रीय सदस्य भीमराज यादव र दीपेन्द्र चौधरी, क्षेत्रीय अध्यक्ष लक्ष्मण यादव, सञ्जय यादवसमेत लाठी चार्जबाट घाइते भएका छन् ।

झडपमा परी केही प्रहरी समेत घाइते भएका छन् ।

दर्जनौं पटक भयो झडप

एमालेको सभा राजविराजभन्दा तीन किलोमिटर उत्तर रहेको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रभित्र चलिरहँदा बाहिर मोर्चा र प्रहरीबीच झडप भइरहेको थियो । करिब चार घण्टासम्म झडप चलेको थियो ।

एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा अभियान औद्योगिक क्षेत्रमा पुगेर शुरु भएपछि अभियान झन् तिब्र बनेको थियो । नेता माधव नेपाल बोलिरहँदा अश्रु ग्यास र हवाई फायर शुरु भएको थियो । मान्छेलाई नै लक्षित गरी प्रहरीले गोली चलाउनु अघि करिब दुई सय राउण्ड अश्रु ग्यास र एक सय राउण्ड हवाई फायर गरिएको थियो ।

प्रदर्शनकारीले प्रहार गरेको ढुँगा लागेर चार जना प्रहरी घाइते भएपछि प्रहरी कडा रुपमा प्रस्तुत हुँदै गोली चलाउन शुरु गर्यो् । प्रहरीले गोली चलाउँदा कसैको पेट, कसैको टाउको र शरीरको अन्य भागमा गोली लाग्यो ।

झडपका क्रममा शुरुदेखि नै सप्तरीमा एमालेको कार्यक्रम हुन नदिने अडान लिएको मधेसी मोर्चाले दिउँसो दुई बजेसम्म राजविराजमा र त्यसपछि औद्योगिक क्षेत्रमा प्रदर्शन गर्न शुरु गरेको थियो । औद्योगिक क्षेत्रदेखि दुई सय मिटर आसपास क्षेत्रमा प्रहरी परिचालन भई आवतजावतमा रोक लगाइएको थियो । प्रहरीले रोक लगाएपछि मोर्चा नेतार कार्यकर्ताहरुले औद्योगिक क्षेत्र अगाडिको गहुँ खेतमा गएर कालो झण्डासहितप्रदर्शन गरि रहेका थिए ।

प्रदर्शन गर्ने क्रममा प्रहरीले लाठी चार्ज गरेका थिए भने प्रदर्शनकारीले माटाका डल्ला फ्याँक्ने क्रम दर्जनौं पटक चल्यो । भित्र कार्यक्रम भइरहँदा झडप धेरैपटक भइसकेको थियो । कार्यक्रम सकिनै लाग्दा प्रहरीले गोली चलाउन शुरु गर्यो । एमालेको कार्यक्रम चलिरहँदा झडप भइरहे पनि अवस्था भयावह बनिसकेको थिएन ।

सप्तरी प्रवेश गर्नुअघि एमालेले आफूहरु संयमित भएर सभा गर्ने जनाएको थियो । यहाँसम्म एमालेको अभियान आउँदा कार्यकर्ताहरु संयमित नै थिए ।

अभियानमा आउने बेलासम्म मोर्चा कार्यकर्ताहरु लगभग गलिसकेका थिए । यसअघि नै मोर्चाका मुख्य नेताहरुलाई प्रहरीले गिरफ्तार गरिसकेका कारण प्रहरीसँग झडप गरिरहेका कार्यकर्ताहरु घर फर्किने सुरमा थिए ।

स्थिति लगभग सामान्यजस्तै बनिसकेको थियो । मोर्चा कार्यकर्ताहरु एकै ठाउँमा बसिरहेका थिए । त्यही क्रममा प्रहरी भएतिरबाट तीनर चार जनाको संख्यामा मोर्चा कार्यकर्ता भएतिर ढुंगा हान्न शुरु गरियो । प्रहरीतिरै रहेका एमाले कार्यकर्ताहरुले एक्कासी ढुंगा फ्याँक्न शुरु गरेपछि मोर्चा कार्यकर्ताहरु आक्रोशित भए ।

एमाले कार्यकर्ताहरुले करिब पाँच मिनेटसम्म मोर्चा्तिर ढुंगा हानेपछि प्रहरीले केहीलाई साइड लगायो । तर, पनि एमाले कार्यकर्ताहरुले ढुंगा प्रहारलाई निरन्तरता दिए ।

झडपस्थलमा रहेका सञ्चारकर्मीहरुले प्रहरीको संरक्षणमा मास्क लगाएर आएका एमाले कार्यकर्ताहरुले ढुँगा फ्याँकेका दृश्यहरु क्यामेरामा कैद गरेका छन् ।

प्रहरीको पुरानै कुरा

प्रहरीले घटनाको कुनै अनुसन्धान नै नगरी प्रदर्शनकारीबाट पेट्रोल बम प्रहार गरेपछि गोली चलाउनुपरेको उल्लेख गरेको छ । पूर्वाञ्चलका डीआइजी रमेश भट्टराईले बिराटनगरबाटै यस्तो प्रतिक्रिया दिएका छन् ।

मोर्चा नेता एवं राष्ट्रिय मधेस समाजवादी पार्टीका केन्द्रीय सचिव गजेन्द्र मण्डलले प्रहरीले मोर्चालाई बदनाम गर्न यस्तो आरोप लगाएको बताए । उनले प्रहरीलाई यो कुरा प्रमाणित गरेर देखाउन चुनौति दिए ।

पानी फोहरा दिने गाडी देखाउन मात्रै

एमालेको अभियानसँगै सुरक्षाकर्मीले पानीको फोहरा दिने गाडी समेत मगाएको थियो । झडप भइरहेकै ठाउँमा यो गाडीलाई उभ्याएको थियो । तर , झडप भइरहँदा यो गाडीको प्रयोग प्रहरीले गरेनन् । एमाले कार्यकर्ताले ढुँगा फ्याँकेपछि तिब्र बनेको झडपमा प्रहरीले एक्कासी अश्रु ग्यास प्रहार शुरु गरेको थियो । यसपछि हवाई फायर र व्यक्तिलाई ताकेरै गोली चलायो ।

आयोग पदाधिकारीले सुने भाषण !

एमालेको अभियानसँगै राष्ट्रिय मानवअधिकार आयोगका पनि चार जना प्रतिनिधि सप्तरी आएका छन् । भित्र कार्यक्रम चलिरहेको र बाहिर झडप भइरहेको अवस्थामा ती प्रतिनिधिको काम के हुन्थ्यो ? यो प्रश्नको उत्तर शायद यही हुनुपर्छ कि झडपको अनुगमन गर्नुपर्थ्यो । तर, ती आयोगका प्रतिनिधिहरुले झडपको सुइँकोसम्म पाएनन् । उनीहरु एमाले नेताहरुको भाषण सुन्न व्यस्त भए ।

घटनापछि जिल्ला तनावग्रस्त, भारदहमा सवारी साधन तोडफोड

चारजनाको ज्यान जाने गरी भएको घटना पश्चात सप्तरी जिल्ला तनावग्रस्त बनेको छ । व्यक्तिको ज्यान जानेबित्तिकै तीनवटा मोटर साइकल घटनास्थलमै जलाइएका छन् । जलेका दुईवटा मोटरसाइकलको नम्बर फेला पर्न सकेको छैन । अर्को स.४प ६०७२ नम्बरको स्कुटीमा आगजनी भएको छ ।

उता भारदहमा दुई दर्जनभन्दा बढी सबारीसाधनलाई तोड्फोड गरिएको छ । आक्रोशित रहेका मोर्चा कार्यकर्ताहरुले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेका दुई दर्जन सवारीसाधन तोडफोड गरेका छन् ।

घटनापछि अब के गर्ने ? भन्ने सन्दर्भमा मधेशी मोर्चाका नेतारकार्यकर्ताहरु राजविराजमा छलफल गरिरहेका छन् ।

२०७३ फागुन २३ गते प्रकाशित

स्रोत : अनलाईन खबर






# अशोक शोकीका कविता

## १३.जति तलाउमा

जति तलाउमा फोहर होस्
पानी तलाउमै झर्छ
अति दु;ख गरेर नै मानिस
सुखको खोजी नै गर्छ
सधैं सबै हाँस्न खोज्छन्
कहीं रुनुपर्ने हुन्छ
रुवाइ लुकाएर पनि
हाँसिरहेका हुन्छन्
कोही हँसाइ लुकाएर पनि
रोइरहेका हुन्छन्



मान्छे-मान्छेको नियति
यो देखावटी र बनावटीमा
विवश जिन्दगानी भर पर्ने कुरा हो
यही इमानदारी र भलादमीको लागि छुरा हो

## १४.टुहुरा भइदिए

सारसले जस्तो प्रेम गरी सुधारस पिलाएको थिएँ
मयूरले जस्तो वियोगमा पनि आँसु पिई रमेकै थिएँ

भिक्षा दिएझैं सारा इच्छा पूरा गरेकै थिएँ
सगरमाथाझैं उचाइमा पुग्ने माया दिएँ

कति धेरै माया दिएँ सागरभरी पोखिदिएँ
जति धेरै माया गरें उति धुवाँ झै उडाइदियौ

कुरा तिम्रो भएन् पूरा उल्टै छुरा भइदियो
यो साउनको हरियो चुरा अब टुहुरा भइदियो

अशोक शोकीको कलम यसरी चिप्लियो पुस्तकबाट

# कीर्तिपुर सहकारीले रक्तदान कार्यक्रम गर्ने

**कीर्तिपुर सन्देश साप्ताहिक**

कीर्तिपुर क्षेत्रको आफ्नो विशिष्ट र छुट्टै पहिचान बनाउन सफल कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाले आउने चैत्र ५ गते आफ्नै भवनमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । आफ्नो स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्व अन्तर्गत विविध सामाजिक कार्यहरु गर्दै आइरहेका छन । जनचेतना, महिला शसक्तिकरण, रोजगारी मूलक तालिम जस्ता विविध कार्यक्रमहरु प्रत्यक्ष एवं अप्रत्यक्षरुपले सहयोग एवं समन्वयसमेत गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा चैत्र ५ गते रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । विहान १० बजेदेखि दिउँसो २ बजेसम्म हुने उक्त रक्तदान कार्यक्रममा सहभागी जनाउन चाहने महानुभावहरुले समयभित्र सम्पर्क राख्न सहकारी संस्थाले अनुरोध गरिएको छ ।

# पांगामा प्राचिन काब्य वसन्त श्रवण चित्र लेखन कार्यक्रम हुने

**कीर्तिपुर सन्देश साप्ताहिक**

विगत एघार महिनादेखि पाँगाको लाछीमा रहेको नासः भवनमा ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा संचालन गर्दै आइरहेको ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगा र प्राज्ञ रामकृष्ण दुवाल अध्यक्ष रहेको संगीतालय नेपालको संयुक्त आयोजनामा आज चैत्र २५ गते अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा पाँगाको लाछी दबुलीमा बसन्त श्रवण र चित्र लेखन कार्यक्रम हुने भएको छ ।

उक्त अवसरमा दाफा सम्बन्धि दाफाको शैली, पद्धति, अवस्था र प्रबर्द्धन बारे पनि जानकारी दिने भएको छ । उक्त बसन्त श्रवण कार्यक्रममा नगां दाफा खलःले बाजा बजाएर साथ दिने प्राज्ञ रामकृष्ण दुवालले बताउनु भएको छ ।

उक्त अवसरमा राष्ट्रकवि माधव प्रसाद घिमिरे, सत्यमोहन जोशी र पाँगाका ज्येष्ठ महिला नागरिक १०२ वर्षकी ज्ञानीमाया महर्जनलाई सम्मान गरिने ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगाका अध्यक्ष दुर्गा कुमारी महर्जनले कीर्तिपुर सन्देशलाई बताउनु भएको छ ।

यस्तो कार्यक्रमले नेपालको प्राचिन बाजा संस्कृति दाफाको विकास र प्रवर्द्धन गर्न टेवा मिल्ने विश्वास प्राज्ञ रामकृष्ण दुवालले बताउनु भएको छ । दाफा कुन बेला कस्तो दाफा बजाउने हो सो सम्बन्धि जानकारी पनि प्राप्त हुनेछ ।

बसन्त श्रवणबाट ज्येष्ठ नागरिकहरु लगायत अन्यले पनि आनन्द उठाउन सकिने छ । कार्यक्रम दिउँसो ११ बजेदेखि सुरु हुने जनाइएको छ ।


# हिलटाउन माध्यमिक विद्यालय

बाघभैरवस्थान, कीर्तिपुर १

**कम्प्युटर खरीद सम्बन्धी सूचना**

यस हिलटाउन मा.वि.का लागि तपसीलमा उल्लेख गरिएको व्यहोरा अनुसारको २० वटा कम्प्युटर सेट खरीद गर्नुपर्ने भएकोले सो उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले उपलब्ध गराउन सक्ने दररेट खुलाई कोटेशन बुझाउनु हुन सूचित गरिन्छ । साथै कोटेशन बुझाउँदा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रकोसमेत संलग्न गर्नुहुन सूचित गरिन्छ ।

**कम्प्युटर सम्बन्धी विवरण**

1. Mother Board : G41
2. CPU : Core 2 Duo (Cache Memory 2 MB)
3. HDD: 500 GB Fresh
4. Monitor: 19"
5. RAM : 2 GB
6. Multimedia Keyboard
7. Optical Mouse

विद्यालय प्रशासन
हिलटाउन माध्यमिक विद्यालय
फोन नं. ४३३१७३९, ४३३१४०७





# पशुपतिनाथको मन्दिरको बारेमा ११ रोचक तथ्य( भगवान शिवको नाम 'पशुपतिनाथ' कसरी हुन पुग्यो ?

पशुपतिनाथको मन्दिर काठमाडौं जिल्लामा रहेको ऐतिहासिक धार्मिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण तीर्थस्थल हो। यो मन्दिर यस संसारमा रहेका २७५ 'पादल पेत्र स्थलम्' (शिवको पवित्र स्थान) मध्ये एक हो। पशुपतिनाथमा मूख्य रूपमा शिवजीको पूजा हुने गर्दछ।

त्यसैले गर्दा नै पशुपतिनाथालाई शैव, शाक्त, वैष्णव, बौद्ध, जौन, गाणपत, नाथ, सिख आदि प्रमुख सम्प्रदायका भक्तजनहरूले समान आस्था र श्रद्धाको दृष्टिकोणले हेर्ने गर्दछन् । साथै यस क्षेत्रमा विभिन्न सम्प्रदायका विभिन्न स्मारक एवम् पूजास्थल अखाडा पनि रहेका छन्।

आजको धर्म अङ्कमा हामी तपाईंहरूलाई जन्मदेखि मृत्यु सम्मका सबै संस्कार सम्पन्न गरिने नेपालको यस पावन स्थलको बारेमा केहि रोचक तथ्यहरूको बारेमा जानकारी दिन गैरहेका छौं।

१. बागमती जिल्लाको का.म.पा. वडा नं. ८ मा बागमती नदीको किनारमा रहेको यो मन्दिर २४० हेक्टरको (४,७९२ र ोपनी) जग्गामा फैलिएको छ।

२. पशुपतिनाथको मन्दिर सांस्कृतिक सम्पदा अन्तर्गत 'यूनेस्को विश्व सम्पदा क्षेत्रको सूची'मा (UNESCO World Heritage Site) पर्दछ। सन् १९७९ मा यूनेस्कोले पशुपतिनाथको मन्दिर लाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरेको थियो।

३. यो मन्दिर नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ, त्यसैले नै यहाँका सबै विशेषताहरू प्यागोडा शैलीमा नै रहेको पाइन्छ, जुन अति सुन्दर खुदी काठबाट बनेका छन्। यस मन्दिरको २ स्तरको छाना सुन र तामाले बनेको छ भने मूख्य ४ ढोकाहरू चाँदीका रहेका छन्। साथै मूख्य मन्दिरको गजुर सुनको रहेको छ। Pashupatinath Temple Landscape

४. 'पशुपतिनाथ' खासमा भगवान शिवको नाम हो। अनेकौं ग्रन्थ र वेदहरूमा शिवजीको नाम पनि अनेकौं उल्लेख गरिएको छ, तर शिवजीको वास्तविक नाम 'पशुपतिनाथ' भएको शिवपुर ाणमा उल्लेख गरिएको छ।

५. पौराणिक कथाअनुसार महाभारतको युद्धपछि पाण्डवहरूले भगवान कृष्ण र भिष्मसँग युद्धमा आफन्तहरूको हत्या गरेकाले गोत्रहत्याको पापबाट मुक्त हुनको लागि के उपाय गर्नुपर्ला भनेर सोधेका थिए। भगवान शिवको दर्शन गरेपछि मात्रै गोत्रहत्याको पापबाट मुक्त हुन्छ भन्ने कुरा थाहा पाएपछि पाण्डवहरू शिवजीको दर्शन गर्न हिमालयमा गए। पाण्डवहरू आएको देखेर भगवान शिव भैंसीको रूप धारण गरेर भैंसीको बथानमा लुकेका थिए। पाण्डवहरूले भैंसीरूपी शिवलाई चिनेर दर्शन गर्न नजिकै जाँदा भैंसीरूपी शिव जमीनमुनि धस्सिएका थिए। यसरी शिवजी जमीनमा धस्सिएपछि भैंसीरूपी शिवको पुच्छर पाण्डवले स्पर्श गर्दा 'केदारनाथ'मा केदारनाथ भगवान प्रकट भए भने भैंसीरूपी शिवको शिर नेपालमा पशुपतिनाथ भगवानको रूपमा प्रकट भएका थिए। यसरी पाण्डवहरूले पशुरूपी शिवको पुच्छर स्पर्श गरेर गोत्रहत्याको पापबाट मुक्त भएका थिए। यसरी पशुको रूप लिएर प्रकट भएको हुनाले नै भगवान शिवलाई 'पशुपतिनाथ' भनिन थालिएको हो।

६. श्रीस्वस्थानीमा उल्लेखित एक अर्को कथाका अनुसार भगवान शिवले मृगको रूप लगेर श्लेष्मान्तक वनमा पार्वतीको साथमा विहार गरेका थिए। यसैले भगवान शिवलाई 'पशुपतिनाथ' भन्न थालियो। अनि के पनि विश्वास गरिन्छ भन्दा हालको पशुपतिनाथको मन्दिरको परिशरबाहिरको वनलाई पहिले श्लेष्मान्तक वन भनिन्थ्यो।

७. नेपालकै सबैभन्दा पुरानो मानिने 'गोपालराज वंशावली'का अनुसार, लिच्छवी राजा 'सुपुष्प देव'ले पशुपतिनाथ मन्दिरको निर्माण गरेका थिए।

८. एक अर्को वंशावलीका अनुसार, सुपुष्प देवले पाँच तले पशुपतिनाथ मन्दिरको निर्माण गर्नुभन्दा पहिले त्यस ठाउँमा शिवलिङ्गको आकारको देवालय थियो। समय बित्दै जाँदा यस मन्दिरको मर्मत सम्भारको काम पनि बढ्दै गएको थियो। त्यसैले नै नेपालका मध्यकालीन राजा 'शिवदेव'ले पशुपतिनाथको मन्दिरलाई पुनर्निर्माण गरेका थिए। फेरि पछि मल्लकालीन राजाले त्यस मन्दिरमा गजुर लगाइदिएका थिए।

Pashupatinath_Temple_Gajur

९. पौराणिक कथाअनुसार, नेपालमा पर्ने चन्द्रावन हिमालय पर्वत को गुफामा इच्छापूर्ती गरिदिने 'कामधेनु गाई' आएर बसेका थिए। कामधेनुले दिनहुँ पर्वतबाट तल झरी माटोमाथि आफ्नो दूध चढाउने गर्थे। यसरी हजारौं वर्षसम्म पनि कामधेनु गाईले सो ठाउँमा दूध चढाउन थालेपछि एकदिन त्यहाँ वरिपरिका मानिसहरूले के रहेछ भनि खन्दा एउटा सुन्दर चमकदार शिवलिङ्ग भेटेका थिए। त्यसपछि उनीहरूले सो शिवलिङ्गलाई पुजा गर्दै आएका थिए। त्यसैले स्थललाई नै पछि 'पशुपतिनाथ' भनिएको हो भन्ने पनि विश्वास गरिन्छ।

१०. पशुपतिनाथ मन्दिरको पछाडिपट्टि 'विरुपाक्ष'को मूर्ती रहेको छ। यस मूर्तीलाई नेपालमा 'कलिको मूर्ती' भनेर पनि चिनिन्छ। नेपालको पुराना मूर्तीहरूमध्ये यो मूर्ती पनि एक हो। विरुपाक्षलाई भगवान शिवको मानवरूप पनि मानिन्छ। यो मूर्ती जमीनको सतहबाट बिस्तारै माथि सर्दै आइरहेको बताइने गरेको छ। जब यो मूर्ती जमीनबाट पूर्णरूपमा माथि आउँदछ, तब यो संसारको अन्त्य हुने विश्वास गरिन्छ। यानिकी कलियुगको अन्त्य हुने विश्वास गरिन्छ।

समयको चक्रसँगै कलियुगपछि सत्ययुगमा यो मूर्ती पूर्णरूपमा जमीनमुनि पुरिन्छ र फेरि बिस्तारै बिस्तारै माथि सर्दै प्रक्रिया दोहोरिने विश्वास गरिन्छ।

११. बि.सं. २०७२ साल वैशाख १२ गते गोरखा जिल्लाको वारपाकलाई केन्द्रविन्दु बनाई गएको ७.८ रेक्टर स्केलको महाभूकम्पमा पनि पशुपतिनाथको मूल मन्दिर 'दैविक-वैदिक-वास्तु शक्ति' (शिव कथत भूतत्व-विज्ञान)को कारण सुरक्षित र हेको देखियो भने मन्दिर परिशर बाहिरका साना मन्दिरमा थोरै क्षति पुगेको देखियो। त्यसको २ वर्ष अगाडि पनि महाप्रलयमा श्रीकेदारनाथ मन्दिर पनि सुरक्षित रहेको थियो।

नेपाली हेडलाइनबाट


**छितः स्थानीय नेता, उद्घोषक, बांलाःम्ह वक्ता नापं बांलाःम्ह एफ एम संचालक यायेगु जिमिगु अभियान**

**छिगु निति मदयेकं मगाःगु**
**संचार साक्षरता नापं एफ एम संचालन**
**न्वचू कला**
**उद्घोषण**



**पत्रकार**
**श्रीकृष्ण महर्जनं च्वयादीगु सफू**
**।**
**नासः**

उकिया नितिं छिं सफू न्याना ब्वनादिसँ।
छि थः स्वयम हे सक्षम जुयादिसँ।
**सफूया निति फोन ल्याः ४३३३००७, ९८४१४०१०७७, ९८४१७५२५८३**

**ज्वजलपा वाःपतिइ छिगू चिनाखँ/बाखं/हाइकू विज्ञापन व मेमेगु च्वसू पिथनेगु जूसा जिमित स्वापू तयादिसँ**

*सकलसिगु*
*मंकाः सः*



ज्याकूः **निखासी**
**त्वाः किपू नपा-३**
**फोन ल्याः ४३३३००७, ९८०८६२६४२०**
**ई-मेल :** kirtipur_sandesh@live.com



# आवश्यकता

यस पांगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको लागि निम्न लिखित पदपूर्ति गर्नु परेकोले इच्छुक महानुभावहरुवाट दरखास्त आह्वान गरिन्छ।

पदः निक्षेप संकलक

योग्यताः एस एल सी पास

ग्राह्यताः स्थानीयवासी

दरखास्त दिने अन्तिम मितिः २०७३/१२/९ गते

पांगा बहुद्देश्यीय सहकारी संस्था लि.

ढोकासी, पांगा, किपू-९

फोन नं. ०१६२०७८१३

# ADMISSION OPEN

आगामी वर्षदेखि भर्ना प्रकियामा विशेष योग्यता जाँच गरिने काठमाडौं जिल्लाको एकमात्र नमूना विद्यालयको प्रारम्भिक कक्षामा भर्ना हुन चाहनेले तयारी गरौं ।

आफ्नो सिट सुरक्षित गरौं ।

ECD for Foundation

ADMISSION OPEN

ADMISSION OPEN

प्रिन्सिपल

**जनसेवा मा.वि. पाँगा**

सम्पर्क नं. ४३३०८८०/४३३१९८२


## “महिला सम्मानको आधार : सीपयुक्त हात र स्वरोजगार” खुल्ला चित्रकला प्रतियोगिता सम्पन्न

१०७ औं अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा सामुदायिक विकास समाज (CDS) र Homenet Nepal को आयोजनामा गत फागुण २४ गते पाँगा लाछीमा “महिला सम्मानको आधार : सीपयुक्त हात र स्वरोजगार” विषक खुल्ला चित्रकला प्रतियोगिता सम्पन्न भएको छ ।

सीडीएसका अध्यक्ष हिराबहादुर महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि ज्येष्ठ नागरिक क्लब पाँगाका अध्यक्ष इन्द्रमान महर्जन हुनुहुन्थ्यो ।

विभिन्न स्कुलका गरी २७ जना विद्यार्थीहरुले भाग लिएको उक्त प्रतियोगिताको निर्णायक मण्डलमा रुपेन्द्र महर्जन, कमलेश महर्जन र गंगाधर सारु रहनु भएको थियो । निर्णायक मण्डलका अनुसार प्रथम स्थान क्रिएटिभ एकेडेमिका नीतिन महर्जन, दोस्रो स्थान क्रिएटिभ एकेडेमिका आरिशा महर्जन र तेस्रो स्थान हिलटाउन स्कुलका अरिश महर्जन हुनु भएको छ। उक्त कार्यक्रमको सहयोगी एक्शन एड रहनु भएको छ। यसै सन्दर्भमा सामुदायिक विकास समाजले आज चैत्र २५ गते अर्थात मार्च ८ तारिख अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा पाँगाबाट ऱ्यालीको आयोजना गर्ने भएको छ।



# कीर्तिपुर नगरपालिका कार्यालय

**सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप**
**शहरी सरसफाई तथा फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धी**
**सिलबन्दी प्रस्ताव आह्वान सम्वन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७३/११/.२५...)**

**यस कीर्तिपुर नगरपालिकाले सार्वजनिक नीजी साझेदारीको अवधारणा अनुरुप शहरी सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्य सेवा करार मार्फत गराउने नीति अवलम्बन गरेको हुनाले ईच्छुक फर्म, कम्पनी तथा गैरसरकारी संस्थाहरुलाई १५ दिने देहाय बमोजिमको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।**

| क..सं. | विवरण | प्रस्ताव खरिद गर्ने अन्तिम समय, मिति र स्थान | प्रस्ताव पेश गर्ने अन्तिम समय, मिति र स्थान | प्रस्ताव खोल्ने समय मिति र स्थान | प्रस्ताव खरिद मूल्य | धरौटी |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक नीजि साझेदारीमा शहरी सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्य | प्रथम पटक प्रकाशित मितिले पन्ध्र दिन कीर्तिपुर नगरपालिका कार्यालय, देवढोका | प्रथम पटक प्रकाशित मितिले सोह्रौ दिन १:०० बजे भित्र कीर्तिपुर नगर पालिका कार्यालय, देवढोका | प्रथम पटक प्रकाशित मितिले सोह्रौ दिन ५:०० बजे कीर्तिपुर नगरपालिका कार्यालय, देवढोका | रु. १,०००।- (अक्षरेपी रु.एक हजार मात्र) (पछि फिर्ता नहुने) | आफूले कबुल गरेको रकमको २.५% ले हुने रकम नगर पालिकाको नाममा ने.रा. बैक थापाथलीमा रहेको धरौटी खाता नं स.अ १२०४७०३००१०३०५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर |

- सिलबन्दी प्रस्तावहरु, सरकारी प्रतिनिधि प्रस्तावक वा निजको आधिकारिक प्रतिनिधीहरुको रोहवरमा खोलिने र निजहरुको उपस्थिति नभएता पनि सिलबन्दी प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।
- आवश्यक कागजात : नगरपालिकाबाट खरीद गरेको कार्य विवरण फाराम, प्रस्ताव, संस्था दर्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नं प्रमाण पत्र, मू.अ.क.प्र.प. को प्रतिलिपि प्रस्ताव पेश गर्ने संस्थाको निर्णय, संचालक वा कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रमाणित कागजात र व्यक्तिगत विवरण ।
- शहरी सरसफाई तथा फोहरमैला संकलनबाट आएको फोहर वर्गिकरण तथा प्रशोधन गर्न सम्वन्धित संघ संस्थाबाट नै जग्गाको व्यवस्था गर्नु पर्ने छ ।
- वर्गिकरण तथा प्रशोधन पश्चात् बाँकी रहेको फोहर नेपाल सरकारले व्यवस्था गरिएको ल्याण्ड फिल्ड साइटमा अन्तिम विर्सजन गर्नु पर्ने छ ।
- प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने, नगर्ने आँशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

**कीर्तिपुर नगरपालिका कार्यालय**
**कीर्तिपुर, देवढोका**
**फोन नं. ४३३१६९३**


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
☎ : 01-4331046